





राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत ९ गते बुधबार ❑ 23 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## एमसिसीबारे बुझाएर कांग्रेसको पक्षमा भोट माग्नुपर्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, ८ चैत**



नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले एमसिसीबारे सत्यतथ्य बुझाएर कांग्रेसले जनतासँग भोट माग्नुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेस तनहुँ क्षेत्र नं १ ले आज दमौलीमा आयोजना गरेको अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रममा नेता पौडेलले एमसिसी पास गर्ने कांग्रेस हो भनेर जनतामाझ जानुपर्ने र कांग्रेसलाई जिताउन भोट माग्नुपर्ने उल्लेख गर्नुभयो । एमसिसी नेपालको विकासका निम्ति आवश्यक रहेको चर्चा गर्दै उहाँले भन्नुभयो, 'कांग्रेसले एमसिसी पास गर्‍यो, त्यही कारण कांग्रेसलाई भोट देउ भनेर जनतामाझ जानुपर्छ ।' एमसिसी परियोजनामार्फत उत्पादन हुने बिजुली बेचेर नेपाललाई धनी बनाउन सकिने उहाँको भनाइ थियो । नेपालको गरिबी अन्त्यका लागि एमसिसी परियोजना सफल हुने उल्लेख गर्दै नेता पौडेलले एमसिसीको विरोध गर्नेहरु राष्ट्रघाती भएको आरोप लगाउनुभयो ।

'देश विकास गर्ने पार्टी कांग्रेस हो, देशलाई कांग्रेसले मात्रै बलियो बनाउँछ,' पौडेलले भन्नुभयो, 'देशको भविष्य सोचेर कांग्रेसले दूरदर्शी निर्णय गरेको छ । यही कुरा जनतालाई बुझाउनुपर्छ ।' कांग्रेस तनहुँका पूर्वसभापति रघुनाथ पौडेल, जिल्ला उपसभापति देवकुमार श्रेष्ठ, क्षेत्रीय सभापति विषेश्वर खनाललगायतले स्थानीय तहको निर्वाचनमा कांग्रेसलाई जिताउन सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिए ।

## न्यायिक समितिको राष्ट्रिय सम्मेलन हुने, ७५३ वटै पालिका उपप्रमुख आउने

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**



देशभरका पालिकाका उपप्रमुख/उपाध्यक्षहरु पोखरामा भेला हुने भएका छन् । स्थानीय तहमा निर्वाचित भएपछि न्यायिक समितिको संयोजकको रुपमा न्याय सम्पादनमा भैरहेका असल अभ्यास र चुनौतीहरु बारे अनुभव अदान प्रदान गर्ने उद्देश्यले पोखरामा जम्मा हुने भएका हुन् ।

देशभरका उपप्रमुखहरुलाई एकैथलोमा जुटाउने काम पोखरा महानगर न्यायिक समितिले गर्दैछ। संविधानमै व्यवस्था भएको न्यायिक समितिको जिम्मेवारी सम्हालेका ७५३ वटै स्थानिय तहमा कसरी न्याय सम्पादन गरिरहेका छन, यसका असल अभ्यास र चुनौतीहरु बारे एकै थलोमा जम्मा भएर छलफल गर्ने उद्देश्यले पोखरा महानगरपालिका न्यायिक समितिको आयोजनामा पहिलो पटक "न्यायिक समितिको राष्ट्रिय सम्मेलन-२०७८" आयोजना गर्न लागेको मंगलबार आयोजित पत्रकार सम्मेलनमार्फत जानकारीगराइएको हो । देशभरका पालिकाहरुलाई आमन्त्रण गरि समितीको राष्ट्रिय सम्मेलन आयोजना गर्न लागिएको महानगरका उपप्रमुख एवं न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङ्ले जानकारी दिनुभयो । चैत १४ गते पोखरा सभागृहमा हुने सम्मेलनको राष्ट्रपति बिद्यादेवी भण्डारीले उद्धाटन गर्नुहुने उहाँले जानकारी दिनुभयो।मंगलबारमहानगरपरिसरमा आयोजित पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो,'स्थानीय तहरुमा न्यायिक समिति नयाँ पनि हो त्यसैले न्याय सम्पादनमा भएका असल अभ्यास र चुनौतीहरु बारे अनुभव साटासाट गदै कमीकमजोरीहरु सुधार गर्नुपर्ने विषयमा छलफल गरेर घोषणापत्र सार्वजनीक गर्ने छौ ।' सम्मेलनमा पोखराको न्यायिक समितिले न्याय निरुपण गरेको प्रयासहरु बारे निर्माण गरेको वृत्तचित्र समेत प्रर्दशन गरिने उपप्रमुख गुरुङले जानकारी दिनुभयो ।

सम्मेलनलाई व्यवस्थित रुपमा सम्पन्न गर्न उपप्रमुख गुरुङको संयोजकत्वमा मुल समिति र विभिन्न ८ वटा उपसमितीहरु गठन गरेको महानगरका प्रमुख प्रशासकीय अधिकृत एवं सम्मेलनका सदस्यसचिव बलराम रिज्याललले जानकारी दिनुभयो । पोखरा महानगरपालिका प्रमुख मानबदुर जिसीले सम्मेलन सकरात्मक भएको बताउदै यसलाई सफल बनाउन सबैले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। 'देशभरकापालिका उपप्रमुखहरु पोखरा आउदाँ यहाँको प्रवर्द्धन समेत हुने भएकाले यो सम्मेलन सकरात्मक छ। सबैले सहयोग गर्नुपर्छ ।'

## देशको रक्षा र स्थायित्वका लागि कांग्रेससँग सहकार्य : नेता गुरुङ

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का स्थायी कमिटी सदस्य एवं प्रतिनिधिसभामा सो दलका प्रमुख सचेतक देवप्रसाद गुरुङले देश र संविधानको रक्षा तथा स्थायित्वका लागि माओवादीले नेपाली कांग्रेससँग सहकार्य गरेर अघि बढेको बताउनुभएको छ ।

पोखरामा बुधबारदेखि सुरु भएको माओवादी केन्द्र गण्डकी प्रदेश समितिको दोस्रो पूर्ण बैठकको उद्धाटन गर्दै उहाँले कांग्रेससँगको सहकार्यमा संविधान ध्वस्त पार्ने र सङ्घीयतालाई असफल पार्ने योजनालाई परास्त गरिएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'माओवादीको पहल कदमीमा कांग्रेस सहितका शक्तिसँग मिलेर प्राप्त उपलब्धिको रक्षाका लागि अहिलेको गठबन्धन बनेको हो ।' नेपालमा स्थिरता र स्थायित्व कायम गर्नुपर्ने अहिलेको मुख्य आवश्यकता रहेको नेता गुरुङको भनाइ थियो ।

आगामी वैशाख ३० गतेका लागि तोकिएको स्थानीय तहको निर्वाचनमा लोकतन्त्रको रक्षाका लागि माओवादीले जित्नैपर्ने उल्लेख गर्दै नेता गुरुङले भन्नुभयो, 'माओवादीले जितेन भने देशको संविधान र संघीयता धरापमा पर्छ ।

अहिलेको सबै खालको परिवर्तन माओवादीको एजेण्डा भएकाले यसको रक्षाका लागि माओवादीले जित्नुको विकल्प छैन ।' आगामी स्थानीय तहको निर्वाचनमा माओवादी अरुसँगको तालमेलमा भर पर्न नहुने उहाँको भनाइ थियो ।

## पोखराका पूर्व प्रधानपञ्च कार्कीको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**



पोखरा नगर पञ्चायतका पूर्व प्रधानपञ्च रुद्रबहादुर कार्कीको सोमवार निधन भएको छ ।

पूर्व प्रधानपञ्च कार्कीको पोखरा महानगरपालिका वडा नं १२ स्थित चिसापानी आफनै निवसामा सोमवार निधन भएको हो । उहाँको निधनमा पोखरा महानगरपालिकाले मंगलवार आफ्नो कार्यालय बन्द गरेको छ । बाबा वीर वहादुर कार्की र आमा लक्ष्मीमा कार्कीका छोरा रुद्रवहादुर कार्कीको विस १९८१ असार २९ गते जन्म भएको थियो । मुडुला कार्की कुलको मष्ट जेष्ठ धामी, क्षेत्रीय समाजका पूर्व केन्द्रिय संस्थापक अध्यक्ष र शितलादेवी सामुदायिक माविका संरक्षक लगायत विभिन्न संघ सस्थामा आवद्ध भइ महत्वपूर्ण भुमिका निर्वाह गरेका थिए । साथै पोखरा नगर पञ्चायतको नेतृत्व गरेका कार्कीको मध्यकालिन ग्रामिण पोखरालाई आधुनिक युगमा पुऱ्याउन ठूलो योगदान रहेको छ । कार्कीको चार छोरा मध्ये नरवहादुर कार्कीको स्वर्गारोहण भइसकेको छ। छोराहरु क्रमश रमेश वहादुर कार्की, टिका वहादुर कार्की सूर्य वहादुर कार्की समाजसेवा र शिक्षा क्षेत्रमा सक्रिय रही आउनु भएको छ । आठ छोरी र नाति नातिनीहरुका धनी हुन रुद्रवहादुर कार्की । स्वर्गीय कार्कीको मंगलबार बिहान पोखराको रामघाटस्थित सेती नदी किनारमा हिन्दु परम्परा अनुसार दाहसंस्कार गरियो ।

## पेट्रोलियम व्यवसायी आन्दोलनमा, माग पुरा नभए इन्धन कारोबार ठप्प पार्ने चेतावनी

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**



इन्धन आपूर्ति र ढुवानी गर्ने व्यवसायीहरुले विभिन्न माग राखी आन्दोलनको घोषणा गरेका छन् । राष्ट्रिय पेट्रोलियम व्यवसाय संस्थागत समन्वय समितिमा आवद्ध नेपाल पेट्रोलियम डिलर्स एशोसियन, नेपाल एल.पि ग्याँस उद्योग संघ र नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघले संयुक्त रुपमा आन्दोलनको घोषणा गरेका हुन ।

कास्कीका प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल आयल निगमलाई ज्ञापनपत्र बुझाउँदै व्यवसायीहरुले चैत्र २० गतेसम्मका आन्दोलनका कार्यक्रम घोषणा गरेका हुन ।

मुल्यवृद्धि पछिको पेट्रोलियम पदार्थको कारोबारमा रोकिएको कमिसन उपलब्ध गराउनु पर्ने लगायतका मागहरु राखेका छन् । यसैगरी प्राविधिक नोक्सानी सम्वन्धमा नापतौल तथा गुणस्तर विभागका महानिर्देशकको संयोजकत्वमा गठित अध्ययन समितिको प्रतिवेदन लागु गर्न समेत माग गरेका छन् ।

एल.पि ग्याँस ढुवानी गर्ने बाह्य तथा आन्तरिक ढुवानी साधनको भाडाको हकमा डिजेलको मूल्य अत्याधिक बृद्धि भएपनि हालसम्म भाडा समायोजन नभएको भन्दै भाडा दर समायोजन गर्न र डिजेलको मुल्य बृद्धिहुँदा भाडा बढ्ने घट्दा स्वत घट्ने स्वचालित ढुवानी भाडा व्यवस्था कायम गर्न समेत माग गरेका छन् ।

पेट्रोलियम ऐन बनाई लागु गर्नु पर्ने, निगमको एलपिजि विनियमावली, विक्रेता विनियमावली तथा ढुवानी नियमावली संसोधन गर्नु पर्ने र त्यसमा व्यवसायीको प्रतिनिधि राखिनु पर्ने माग गरेका छन् । यसैगरी पेट्रोलियमको कारोबार, आयल निगमको सुधार र भविष्यमा गर्नुपर्ने कार्य लगायतमा व्यवसायी सहित विज्ञ टोली समावेश गरी अध्ययन गराई सरोकार निकायलाई कार्यान्वयनका लागि सिफारिस गर्नु पर्ने माग राखेका छन् । गण्डकी प्रदेशमा पेट्रोलियम डिलर्स एशोसियशन गण्डकी धौलागिरीका अध्यक्ष राजन गोगंजुको संयोजकत्वमा संघर्ष समिति गठन भएको छ । संघर्ष समितिको सहसंयोजकमा गण्डकी ट्याकंर व्यवसायी संघका अध्यक्ष सुरेन्द्र रमण पराजुली र एल पि ग्याँस उद्योगका प्रतिनिधि मेघराज पौडेल रहेका छन् । संघर्ष समितिले चैत्र १५ गतेसम्म स्थानीय स्तरमा तीनवटै क्षेत्रका प्रतिनिधि सम्मिलित स्थानीय आन्दोलन समिति गठन गर्ने, उपभोक्ता, र सरोकारवाला एवं संचार माध्यममा अन्तरक्रिया गर्ने, एलपि ग्यास उद्योगहरुले नेपाल आयल निगमबाट पिडिओ एल ग्यास लोड बन्द गर्ने, एलपि ग्याँस लोड भएका गाडीहरु भन्सार छुटाउने कार्य बन्द गर्ने कार्यक्रम तय गरेका छन् ।

यसैगरी चैत्र १६ गते देखी पेट्रोलियम पदार्थको ढुवानी ट्यांकरले पिडिओ नलिने, १७ गते देखी एलपि ग्याँस उद्योगबाट विक्रेतालाई ग्याँस विक्री नगर्ने र चैत १८ देखी पेट्रोलियम पदार्थको लोड अनलोड वन्द गर्ने र २० गते देखी देशभर ग्याँस विक्री बन्द गर्ने गरी संघर्षका कार्यक्रम सार्वजनिक गरेको संघर्ष समितिका संयोजक राजन गोगंजुले जानकारी दिए ।

## नेपालको कूटनीतिक सम्बन्ध १७४ देशमा विस्तार

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

नेपाल र फिलिपिन्सको दक्षिणपूर्व प्रशान्त महासागरमा अवस्थित देश गणतन्त्र पलाउबीच कूटनीतिक सम्बन्ध स्थापना भएको छ । यो सँगै नेपालसँग द्विपक्षीय कूटनीतिक सम्बन्ध भएका देशको सङ्ख्या १७४ पुगेको छ । कूटनीतिक सम्बन्ध स्थापनासम्बन्धी संयुक्तपत्रमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि अमृतबहादुर राई र उक्त विश्व संस्थाका लागि गणतन्त्र पलाउका स्थायी प्रतिनिधि इलाना भिक्टोरिया सेडले न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगमा सोमबार आयोजित एक सङ्क्षिप्त समारोहमा हस्ताक्षर गर्नुभयो ।




# सारा र सभर्णालाई जुनियर राष्ट्रिय टेनिस प्रतियोगितामा स्वर्ण पदक

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

सारा पन्त र सभर्णा गुरुङ्गले पोखरामा जारी मनुश्री-भिग्नाजित जेटीआई राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता-२०७८ मा स्वर्ण पदक जितेका छन् ।

साराले गर्ल्स यु-८ प्रतियोगितामा जिवाश्री भट्टराईलाई पराजित गर्दै स्वर्ण जितेकी हुन् । जिवाश्रीले रजत पदकमा चित्त बुझाइन् । सोही उमेर समुहमा केजिया शाक्यले तृतीय तथा जेनोभा शर्माले चौंथो स्थान प्राप्त गरिन् । त्यस्तै, यु-९ गर्ल्सतर्फ सभर्णा गुरुङ्ग प्रथम, केजिया शाक्य द्वितिय तथा जिवाश्री भट्टराई तृतीय भए । उनीहरुलाई मंगलबार एक समारोहका विच पुरस्कार प्रदान गरिएको छ । आयोजक कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक गुरुङ्ग, उपाध्यक्ष राजु गुरुङ्ग, सदस्य शान्ति उदास, सल्लाहकार अनिल तुलाचन, कास्की टेनिस अभिभावक संघका अध्यक्ष गौतम उदास, जिवन भट्टराई




लगायतले मेडल, प्रमाण-पत्रले पुरस्कृत गरेका हुन् । ब्वाइज यु-८ तर्फ निर्जल टण्डनलाई पराजित गर्दै आर्यषराज पौडेल फाइनलमा प्रवेस गरेका छन् । त्यस्तै, सुभान केसीलाई पराजित गर्दै नितेश थापाले पनि फाइनलमा स्थान बनाए । १४ वर्ष मुनिको ब्वाइज सिंगल्समा राजबिर प्रधान र दर्शिल श्रेष्ठले पनि फाइनलमा स्थान बनाएका छन् । राजबिरले निशा जोशिलाई तथा दर्शिलले सृजन भट्टराईलाई पराजित गरेका थिए । ९ वर्ष मुनिको ब्वाइज सिंगल्सको राउण्ड रोविन लिगमा जित हाँसिल गर्दै निश्चल ज्ञवाली, आर्यषराज पौडेल र संघर्ष फोकदार अगाडी बढेका छन् । त्यस्तै, १४ वर्ष मुनिको गर्ल्स सिंगल्समा प्रशंसा मोक्तान, शिवाली गुरुङ्ग र कर्मिस्था श्रेष्ठपनि जित हाता पार्दै अगाडी बढेका छन् ।

१२ वर्ष मुनिको गर्ल्स सिंगल्समा कर्मिस्था श्रेष्ठ, शिवाली गुरुङ्ग, प्राज्ना मानन्धर र स्वस्तिका विष्टले पनि लिग खेलमा जित हाँसिल गरेका छन् । प्रतियोगिताका अन्य खेल जारी रहेको प्रतियोगिता निर्देशक सूर्यभूषण बज्राचार्यले जानकारी दिए ।

# जन-संगठन राष्ट्रिय युवा संघ नेपाल पोखराको अधिवेशन

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)को जन-संगठन राष्ट्रिय युवा संघ नेपाल पोखरा महानगरपालिका वाड नं. २ को तेश्रो अशिवेशन आशिष पराजुलीको अध्यक्षतामा सम्पन्न भयो ।

उक्त कार्यक्रममा पार्टी प्रदेश कमिटी सदस्य शुशिला पराजुली, राष्ट्रिय युवा संघ नेपाल कास्कीका अध्यक्ष पानबहादुर जि सि र सचिव नवराज के सी, पोखरा महानगर कमिटी सदस्य द्वय सरिता सुवेदी र हुमा क्षेत्री, वडा कमिटी अध्यक्ष दिपक शाह र राष्ट्रिय युवा




संघ नेपाल पोखरा-७ का अध्यक्ष कुमार भण्डारीले अवको स्थानीय चुनावमा रहेर आफ्नो संगठन विस्तार गर्नु पर्ने कुरामा जोड दिनुभएको थियो । जसमा पार्टी उपाध्यक्ष धर्मराज सुवेदीले स्वागत मन्तव्य दिनुभएको थियो ।

यस अधिवेशनमा बिनम पुनको नेतृत्वमा २१ सदस्यीय कमिटी सर्वसम्मत चयन गरियो । जसमा उपाध्यक्ष आशिष पराजुली, सचिव विधान विक्रम राणा, उप-सचिव द्वय सुमन सुवेदी र आयुष सुवेदी, सदस्यहरुमा कृष्ण पौडेल, विविध गुरुङ्ग, अन्तिम वि क, कृष्ण कुवर, रोशन गुरुङ्ग, गणेश पौडेल, आशिष गुरुङ्ग लगायत रहनु भएको छ । सफतग्रहण जिल्ला अध्यक्ष पनबहादुर जि सी ले गराउनु भएको थियो ।

यस कार्यक्रमको संयोजक तथा कार्यक्रम सञ्चालन वडा कमिटीका सचिव जनार्दन सुवेदीले गर्नु भएको थियो भने तत्काल युथ फोर्स र अनेरास्ववियु पनि गठन गरि कमिटी चलायमान बनाउदै अवको स्थानीय चुनावमा होमिनका लागि तयार रहेको पनि गराउनुभएको थियो ।

# चर्दीखोला मोटरेबल पुलको शिलान्यास

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले विकासका लागि राजनीति गर्न नहुने बताउनुभएको छ । देश विकासको सवालमा जनतादेखि राजनितिक दल, स्थानीय सरकारदेखि सङ्घीय सरकार सबै एकजुट भएर अघि बढेमा विकास निर्माणले ठूलो फड्को मार्ने उहाँको भनाइ छ ।

लमजुङ मध्यनेपाल नगरपालिका-३ सूर्यपाल र वडा नं ४ चर्दीरम्घा जोड्ने चर्दीखोला मोटरेबलको पुलको बुधबार यहाँ शिलान्यास गर्दै उहाँले गाउँगाउँबाट रोजगारीका लागि गाउँ छाड्नेक्रम बढेरगाउँघररित्तिँदैगएकालेगाउँघरमै रोजगारीको सिर्जना गरी गाउँ विस्थापित हुनबाट जोगाउनुपर्नेमा जोड दिनुभयो । उहाँले आगामी निर्वाचनमा आवश्यकताको आधारमा गठबन्धन हुनसक्ने धारणा व्यक्त गर्नुभयो । एमसिसी सुन्ने बित्तिकै विरोध गर्ने जनताले पनि विस्तारै देशको हितमा राम्रो नै रहेछ भनेर बल्ल बुझ्न थालेकाले विरोध गर्न छाडेको वरिष्ठ नेता पौडलले बताउनुभयो ।

मध्यनेपाल नगरपालिका प्रमुख रमेशकुमार पाण्डेले चर्दी खोलामा हालसम्म पनि मोटरेबल पुल नहुँदा बर्खायाममा सवारी साधन सञ्चालन हुन नसक्दा विभिन्न समस्या रहँदै आएको बताउनुभयो । नगरपालिकाको आफ्नै लगानीमा अघि बढेको यस पुलले अब ती समस्याको समाधान गर्ने नगरप्रमुख पाण्डेको भनाइ थियो । ब्यास मार्गमा पर्ने सो पुल निर्माण हुन लागेपछि स्थानीय हर्षित भएका छन् ।

# होलीको दिन सरसफाइमा व्यस्त पहिलो पाइला नेपाल




**पोखरापत्र संवाददाता**
**पोखरा, ८ चैत**

पोखरा महानगरपालिका वडा न. १७ को ड्यामसाइडमा पहिलो पाइला नेपाल पोखरा शाखाले होलीको दिन बिहान सरसफाइ कार्यक्रम सम्पन्न गरेको छ ।

पोखराका विभिन्न ठाँउहरुमा रङँहरु सङँ होली मनाए पनि पहिलो पाइला नेपाल पोखरा शाखाका युवाहरु भने सरसफाइ मै व्यस्त भए । सामाजिक सन्जाल फेसबुकमा फोटो देखेको केहि दिन मै त्यस ठाउँमा पुगेर सफा गरेका थिए। सफा गर्दा ४०/४५ बोरा फोहोर फेवातलबाट निकालिएको थियो भने उक्त ताल वरीपरी बोटल मात्र नभएर कन्डम देखि प्याड, प्याम्पर्स जस्ता विभिन्न दुशीत फोहोरहरु भेटिएको थियो । पहिलो पाइला नेपाल पोखरा शाखा अध्यक्ष रन्जित दनैले " ताल सरसफाइको नाम दर्ता भएका विभिन्न इकाइ समुहहरुले यो काम गर्नुपर्ने थियो तर देखे नदेखे गरेर छाडे , सरसफाइको लागि आएको बजेट कहाँ के भयो थाहा छैन अहिले कानमा तेल राखेर बसे" भन्दै अध्यक्ष दनैले गुनासो व्यक्त गरे । फेवाताल र ड्यामसाइड वरपर रहेका होटल व्यवसाय गर्नेहरुले नै दैनिक रुपमा फोहोर फालेको भेटिएको उक्त शाखाका सदस्यहरुले समस्या दर्शाएका स्मृति काफ्लेले पोखरापत्रलाइ वताइन ।

पहिलो पाइला नेपाल पोखरा शाखले विगतका दिनहरुमा पनि पोखरा महानगरपालिका भित्रका विभिन्न ठाउँहरुमा येस्तै सरसफाइ का कार्यक्रम हरु गरिरहेको तर महानगर अथवा फोहोर व्यवस्थापन समिति जस्ता कुनैपनि इकाइको चासो नदेखिएको कुरा पनि जनाएका छन्।


## कोभिडबाट सचेत रहौं,

- कोरोना संक्रमणको जोखिम अझै कायम छ ।
- यसले कुनै पनि बेला महामारीको रूप लिन सक्दछ ।
- तत्काल कोरोना विरूद्धको खोप लिऔं ।
- जमघट तथा भीडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं ।
- अनिवार्य रूपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**



## लेखनाथ महोत्सव २०७८

### हार्दिक आभार

लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजना तथा विभिन्न संघसंस्थाहरुको सहयोग र सहभागितामा २०७८ फागुन २६ गतेदेखि चैत्र ७ गतेसम्म डाडाँकोनाक तालचोकमा संचालन गरिएको **१७ औं लेखनाथ महोत्सव २०७८** ऐतिहासिक सफलताका साथ सम्पन्न भएकोमा हामी गौरभान्वित भएका छौं । यो सफलता सम्पूर्ण लेखनाथ वासीहरु र हामी सवैंको सामुहिक प्रयासबाट प्राप्त भएको हामीले महशुस गरेका छौं ।

यस सुखद अवसरमा लेखनाथ महोत्सव २०७८ लाई सफलतापूर्वक सम्पन्न गराउन सहयोग पुर्‍याउनु हुने प्रमुख अतिथि, विशिष्ट अतिथि, आमन्त्रित अतिथिज्यूहरु, मूख्य प्रायोजक, सहप्रायोजक, ईभेन्ट प्रायोजकहरु, व्यानर प्रायोजक, प्रवर्द्धक, सहयोगी संघ संस्थाहरु, संघीय, प्रदेश र स्थानीय सरकारका प्रशासनिक तथा सुरक्षा निकाय, शैक्षिक संस्था, अन्य निकायहरु, उद्योगी व्यवसायी, सरकारी तथा गैह्सरकारी संघ/संस्थाहरु, राजनैतिक दल, समाजसेवी, बुद्धिजिवी, जग्गा धनी, पत्रकार एवं संचार माध्यमहरु, नागरिक समाज, स्टल लिई सहभागी हुनुभएका सम्पूर्ण प्रदर्शक, अवलोकनकर्ता, झाँकीऱ्यालीमा सहभागी हुने सम्पूर्ण टोल विकास संस्था, महिला/आमा समुह, युवा क्लव, आदिवासी जनजाती, सामुदायिक वन उपभोक्ता समिति, कलाकार तथा कलासंस्कृतिसँग सम्वन्धित संघ संस्था साथै लेखनाथ उद्योग वाणिज्य संघका सदस्यज्यूहरु, महोत्सव परिसरका छरछिमेक तथा आमनागरिक, महोत्सव सम्पन्न गर्न गठित कार्यसम्पादन समिति, निर्देशक समिति, सल्लाहकार समिति, विभिन्न उपसमितिका संयोजक, सदस्य, मुल समारोह समिति सदस्यज्यूहरु, कर्मचारी मित्रहरु लगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने सम्पूर्ण शुभेच्छुक तथा सहयोगी महानुभावहरुमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दै निरन्तर सहयोग र सुझावको अपेक्षा राख्दछौं । साथै १८ औं लेखनाथ महोत्स २०७९ पौष ७ गतेदेखि १८ गतेसम्म आयोजना गरिने कुराको जानकारी गराउदैं आगामी दिनमा पनि यस्तै प्रकारको सहयोग र सल्लाहको अपेक्षा गर्दछौं ।

**छत्रधर आत्रेय**
**अध्यक्षः लेखनाथ उद्योग वाणिज्य संघ**
**मुल संयोजकः लेखनाथ महोत्सव २०७८**



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

### कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ । – गौतम बुद्ध

## सम्पादकीय

# महिलालाई कानुनमा विभेद

देश र समाजले प्रगति गर्न महिला र पुरुषले समान रुपले अवसर पाउनुपर्छ। जुन देश र समाजले महिला र पुरुषबीच रहेको असमानता हटाएका छन त्यहाँ प्रगति भएको छ। अझै पनि महिला र पुरुष समान अवसरबाट बन्चित गर्ने कानुनमा सुधार हुन सकेको छैन। महिलालाई बंश र अंशमा समान हक दिन हिचकिचाउने नै नेतृत्वमा छन। नेपालमा महिलाले संविधानमा पाएको अधिकार कानुनबाट संकुचित पार्ने काम नागरिकता बिधेयकमा गरिएको छ। महिलालाई समान अवसर दिएमा आकाश नै खस्छ कि झैं गरेर कुर्लनेहरु सबै ठाउँमा हावी रहेसम्म राजनीतिक, आर्थिक र साँस्कृतिक विभेदको सिकार बनिरहन्छन भन्ने अध्ययनले देखाएको छ।

चौतर्फी प्रगतिका बाबजुद अझै पनि महिलाको आर्थिक अवसरका लागि नियम कानुन नै बाधक रहेको अध्ययनले देखाएको छ। विश्व बैंकको अध्ययनले विश्वका राष्ट्रहरु लैगिक समानताको बाटोमा अग्रसर भए पनि महिलाहरु अझै पनि कानुनी झमेलामा अड्किएर आर्थिक अवसर प्राप्त गर्नबाट बञ्चित हुने देखाएको छ। कानुनी रुपमा अल्झाउनु समाजलाई पछाडि पार्नु हो। यो समस्यालाई कोभिड १९ सिर्जित स्वास्थ्य तथा आर्थिक सुरक्षाको थप चुनौती खडा गरेको छ। कोभिड महामारीभन्दा अघि नै महिलाहरु प्रतिकुल परिस्थितिमा रहेकामा कोरोनाले सरकारी पहल झनै सिमित बनाएको छ।

थप सबल विकास सुनिश्चित गर्न महिलाहरु अर्थतन्त्रमा पूर्णरुपमा समावेश हुन जरुरी रहेको विश्व बैंकको मान्यता छ। धेरै देशमा महिलाको आर्थिक पहुँच बढाउन उल्लेख्य प्रयास भएपनि केही देश विपरित गतिमा हिँडेको विश्व बैंकको बुझाई छ। नेपालले पुरुष अभिभावको अनुमति बिना यात्रा गर्ने छुट नदिने प्रयासले असमानताको उजागर गराएको छ। महामारीले महिलाको हकमा प्रतिकुल हालका असमानता अझै बढाएको छ। यस्ता बाधाले विद्यालय जान तथा रोजगारीका अवसर पाउनबाट बञ्चित गरेका छन्। महिलाहरु अझैपनि घरायसी हिंसा, स्वास्थ्य र सुरक्षाको चुनौती भोगिरहेको अध्ययनले देखाउँछ। विश्व बैंकले महिलाहमा वित्तीय पहुँच हुनुपर्ने, पुरुषझैं न्यायिक समानता हुनुपर्ने मान्यता समाजलाई प्रगतिको दिशामा अघि बढाउने कदम हो।

# आठौं तनहुँ महोत्सव : पूर्व तयारी बैठक सम्पन्न

**पोखरापत्र संवाददाता**
**तनहुँ, ८ चैत**

तनहुँ उद्योग बाणिज्य संघको आयोजना तथा दमौली बजार इकाई समितिको सहआयोजनामा हुनगईरहेको आठौं तनहुँ महोत्सवको पूर्व तयारी बैठक मंगलबार सम्पन्न भएको छ।

व्यासनगरपालिका २ बिपी बनबाटिकामा यही चैत्र १० देखि २० गतेसम्म हुनगईरहेके महोत्सवको प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गर्ने कार्यक्रम रहेको छ। बैठकमा तनहुँ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष,सल्लाहकार एवं निर्णायक समितिको आवश्यक पूर्व तयारी बैठक बसेको हो।

उक्त बैठकमा संघका पूर्व अध्यक्ष एवं केन्द्रिय सदस्य देवकुमार श्रेष्ठ,पूर्व केन्द्रिय सदस्य बृर्षराज श्रेष्ठ,गण्डकी प्रदेश सदस्य एवं पूर्व सल्लाहकार मंगलप्रसाद श्रेष्ठ,पूर्व अध्यक्ष एवं सल्लाहकार अशोक कुमार श्रेष्ठ, सल्लाहकार घनश्याम देवान, पूर्व अध्यक्ष शंकरलाल राजभण्डारी, निर्णयक कमिटीका सदस्य जिल्ला समन्वय समितिका सदस्य केशबहादुर सुनार, भूतपूर्व सैनिकको तर्फबाट क्या.तारालाल मल्ल लगायतका पदाधिकारीहरुले महोत्सव भव्य र सभ्य रुपमा सफल बनाउन सबैले आ आफ्नो जिम्मेवार र क्षेत्रबाट सक्रिय बन्नुपर्नेमा जोड दिएका थिए। साथै उद्घाटन दिनको औपचारिक कार्यक्रमलाई प्रभावकारी बनाउन जतिसक्दो छोटो गर्ने सुझाब पनि सो अवसरमा दिइएको थियो। तनहुँ उद्योग बाणिज्य संघ तनहुँका अध्यक्ष पविन्द्र कुमार श्रेष्ठको अध्यक्षतामा बसेको बैठकमा संघका प्रथम उपाध्यक्ष ईमकुमार मल्ल, द्धितीय उपाध्यक्ष कुमार मल्ल, महासचिव सुबोध अधिकारी, कोषाध्यक्ष दिनेशकुमार श्रेष्ठ, स्टल संयोजक भीमलाल श्रेष्ठ,महिला उद्यमी सभापति शकुन्तला आले लगायतका पदाधिकारीहरुको सहभागिता रहेको थियो। महोत्सवमा व्यपारीक प्रयोजन, कृषि, हस्ताकला लगायतका दुई दश वटा स्टल निर्माण गरिएकोमा सबै बुकिङ भैसकेको महोत्सवका प्रवक्ता ईमकुमार मल्लले जानकारी दिए।

महोत्सवको मुख्य प्रायोजक जावलाखेल ग्रुप अफ इण्ष्ट्रिज प्रा.लि. र सहप्रायोजकमा एनआइसी बैक बैकिङ पार्टनर रहेको छ। महोत्सवमा रमाइलो मेलामा झोला,नाऊ,बच्चाको निकेमाउस लगायतका रमाइलो मेलाका आर्कषण साभाग्रीहरु दमौली ल्याइसकिएको छ। तनहुँको पुर्वी नाका आँबुखैरेनी र पश्चिम नाका कोत्रेमा स्वागत गेट निर्माण गरिएको छ। त्यसैगरी सफासडक चोकमा पनि मुख्य स्वागत गेट निर्माण गरिएको छ। दमौलीको सफासडक लाइन, न्युरोड टोल, मालपोत लाइनमा रङरोगनका साथै ध्वजापतका टाँगेर आर्कषक बनाइनुका साथै महोत्सवस्थलमा आर्कषक बनाइएको छ। स्टल निर्माण र स्टेज निर्माण कार्य पनि अन्तिम चरणमा पुगेको तनहुँ उद्योग वाणिज्य संघ एवं महोत्सव मुल समारोह संयोजक पविन्द्र कुमार श्रेष्ठले जानकारी दिए।

# पारस र शावित्रालाई दशक अवार्डको उपाधि

**पोखरापत्र संवाददाता**
**पोखरा ८ चैत**

क्रिकेटका पारस खड्का र फुटवलकी शावित्रा भण्डारीले दशक नेपाली खेलकुदमा उत्कृष्ट प्रर्दशन सहित अवार्ड प्राप्त गर्न सफल भएका छन्।

नेपाल खेलकुद पत्रकार मञ्चले काठमाण्डौंको कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा मंगलबार आयोजना गरेको १८ औं संस्करणको 'एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड अन्तर्गत दशक उत्कृष्ट खेल प्रर्दशन गरेका पुरुष तर्फ खड्का र महिला तर्फ भण्डारीलाई अवार्ड प्रदान गरेको हो। अवार्डको साथमा खेलाडीहरुले एक/एक वटा बजाज पल्सर मोटरसाइकल उपहार समेत प्राप्त गरेका छन्। नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्व कप्तान खड्काले २०१० विश्व क्रिकेट लिग डिभिजन ५ विजेता हुदा नेपालको तर्फबाट सर्वाधिक २ सय ५० रनको योगदान दिएका थिए। त्यस्तै खड्काले सन् २०११ मा नेपाललाई पहिलो पटक एसीसी टी-ट्वान्टी कपको सेमिफाइनलमा पुऱ्याउनु साथै विश्वकप छनोटमा पुर्याउन पारसले १ सय १ रन बनाउनु साथै ७ विकेट लिएका थिए। २०१२ मा विश्व क्रिकेट लिग डिभिजन ४ को नेपाल विजेता बन्दा पारसले ९ विकेट लिएका थिए। सावित्राले नेपाललाई साफमा दुई तथा सागमा पनि नेपाली महिला टोलीलाई दुई वटा रजत पदक दिलाउन महत्वपूर्ण भुमिका खेलेकी थिइन्। उनले नेपालबाट खेलेको ४० खेलमा सर्वाधिक ३८ गोलको कीर्तिमान बनाएकी छन्।

नेपालको खेलकुदको विकास र खेल पूर्वाधार निर्माणमा महत्वपूर्ण योगदान दिएका पूर्व राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव सरदचन्द्र शाहलाई मरणोपरान्तसम्मानसहितलाइफटाइम अचिभमेन्ट अवार्डबाट बिषेश सम्मान गरिएको छ। उनको परिवारजनलाई उक्त सम्मान अर्पण गरिएको हो। २०३४ देखि २०४५ सम्म खेलकुदको ११ वर्षे शासनकालमा उनले नेपाली खेलकुदको विकासमा महत्वपूर्ण योगदान दिए। राखेपको सदस्य सचिवको रुपमा शाहाले बृहत राष्ट्रिय खेलकुद प्रतियोगिताको सुरु गरे देखि अन्तर नगर खेलकुदको आयोजना गर्नुका साथै अन्तर ाष्ट्रिय रुपमा दक्षिण एसियाली खेलकुद प्रतियोगिता सागको समेत सुरु गरेका थिए।

त्यस्तै उक्त अवार्ड अन्तर्गत उत्कृष्ट दशक प्रशिक्षकमा क्रिकेटका जगत टमटाले उक्त अवार्ड प्राप्त गर्न सफल भए। पिपल्स च्वाइस विधामा टेबलटेनिसकी एलिना महर्जनले उपाधि हात पार्न सफल भइन। उनले ४७.८३३ अंक सहित अन्य ४ खेलाडीलाई पछि पार्दै अवार्ड जितेकी हुन्। यस विधामा ५ जना खेलाडी फुटबलकी एन्जिला तुम्बापो सुब्बा, टेबलटेनिसकी एलिना महर्जन, एथलेटिक्सकी सन्तोषी श्रेष्ठ, ब्याडमिन्टनका प्रिन्स दाहाल र क्रिकेटका कुशल भुर्तेल प्रतिस्पर्धामा थिए।

सरिता थुलुङ पारा एथलिट, स्पेसल अवार्डबाट पुष्पा भण्डारी सम्मानित भएकाछन्। टिम अफ द इयरबाट फुटवल टिम(पुरुष) र अन्तर्राष्ट्रिय खेल पत्रकार सम्मानबाट विदेशी खेल पत्रकार सद्धाम सम्मानित भए। विभिन्न विधाका विजेतालाई अवार्डको साथमा जनही ५० हजार रुपैयाँ समेत प्रदान गरिएको छ। उपाधि विजेता खेलाडीहरुलाई युवा तथा खेलकुद मन्त्री महेश्वर जंग गहतराज, एनआरएनका पूर्व अध्यक्ष भवन भट्ट, नेपाल उद्योग बाणिज्य महासंघका अध्यक्ष एवं हंशराज हुलासचन्द एण्ड कम्पनीका अध्यक्ष शेखर गोल्छा लगायतले पुरस्कार वितरण गरेका थिए।

गत बर्ष कोरोनाले गर्दा खेलुकद गतिविधि खासै नभएकोले यसपटक अवार्डलाई 'दशक अवार्ड' को रूपमा आयोजना गरिएको मञ्चका अध्यक्ष देवेन्द्र सुवेदीले बताए। पल्सर स्पोर्ट्स अवार्डको यस संस्करणमा विभिन्न १० विधामा प्रदान गरिएको हो। अवार्डको मुख्य प्रायोजक हंशराज हुलासचन्द एण्ड कम्पनी रहेको छ।

# विद्यालय हिँडेका दुई किशोर बेपत्ता

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ चैत**

बागलुङ जिल्लाको काठेखोला गाउँपालिका-७ रेशका दुई किशोर दुई दिनदेखि परिवारको सम्पर्कमा आएका छैनन्।

चैत ६ गते आइतबार बिहान १० बजेदेखि रेशनुन्थलाका रामबहादुर थापाका १५ वर्षीय छोरा विष्णु थापा र सोही स्थानका उनका साथी लोर्के थापाका १६ वर्षीय छोरा आशिष थापा बेपत्ता भएका हुन्। बेपत्ता भएका दुई बालक रेशनुन्थला माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत रहेको विद्यालयका प्रधानाध्यापक ओमबहादुर थापाले जानकारी दिनुभयो। आइतबार बिहान घरबाट विद्यालय हिँडेका किशोर विद्यालय नपुगी सम्पर्कविहीन भएको पाइएको छ। ती किशोरलाई कसैले देखेमा नजिकैको प्रहरी कार्यालय अथवा अभिभावकसँग सम्पर्क गर्न आफन्तले अनुरोध गरेका छन्। परिवारले किशोरहरूलाई खोजीदिनका लागि जिल्ला प्रहरी कार्यालय बागलुङमा जानकारी गराएपछि सबै प्रहरी एकाइलाई सो विवरण पठाइएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी निरीक्षक विजय भण्डारीले जानकारी दिनुभयो।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : मन चञ्चल |
| सिंह | : मानसिक तनाब | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



## राहदानी हरायो

मिति २०७९ फागुन १ गते हेमजाबाट महेन्द्रपूलतर्फ आउँदै गर्दा मेरो निम्न व्यहोराको राहादानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा सम्पर्क गर्नुहोला।

नाम : कृष्ण बहादुर रोका क्षेत्री
ठेगाना : बागलुङ पैयूपाटा-८
पासपोर्ट नं. ११३९३६३४
मो.: ९८४५५१२८८९



**Phedikhola Rural Municipality**
**Office of Rural Municipal Executive (OoRME)**
**Phedikhola, Syangja**
**Gandaki Province, Nepal**

## Re-invitation for Sealed Quotation

**Sealed Quotation No: 16/078/79/PRM**
**Date of Publication: 23-03-2022**

1. The Phedikhola Rural Municipality reinvites sealed quotations from registered Suppliers for the Supply and installation of Mini Tiller (Hand Tractor) with accessories to Phedikhola Rural Municipality, Contract ID: PRM-G-SQ-35-TS-078-79.
   Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Rural Municipal Executive (OoRME), Phedikhola Rural Municipality, Phedikhola Ward No 2, Phedikhola, Syangja, Nepal, Phone: 063402053, email: phedikhola174@gmail.com.
   OR
   may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Complete set of Sealed Quotation Documents may be purchased from the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola Ward No 2, Phedikhola, Syangja, Nepal by eligible Bidders on the submission of a written application along with the copy of company/firm registration certificate, VAT/Tax registration Certificate, Tax clearance certificate for F.Y. 2077/78 and upon payment of a non-refundable fee of NRs.1000.0 till 06-04-2022 during office hours.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP System i.e., www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account:
   i. Name of the Bank: Prime Bank Ltd. ii. Name of Office: Phedikhola Rural Municipality
   iii. Office Code no: none iv. Office Account No: 06500308CA
4. Sealed or electronic bids must be submitted to the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Nepal by hand or through e-GP system i.e., www.bopatra.gov.np/egp on or before 07-04-2022 till 12:00 hrs. Bids received after this deadline will be rejected. In case of electronic bid submission through e-GP system, bidder should submit scanned copy of bid purchase voucher (PDF Format) and scanned copy of bid security (PDF format) along with the bid.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 07-04-2022 on 12:00 hrs. at the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 25,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e., Refer Clause ITB 20.1). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Account No.06500036CA at Prime Bank Ltd., Syangja and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# सद्गुरुद्वारा लण्डनबाट १०० दिवसीय मोटरसाइकल यात्रा शुरु

**एजेन्सी ८ चैत**

योगी एवं दूरदर्शी, सद्गुरुद्वारा माटो जोगाउनको लागि थालनी गरिएको १०० दिवसीय यात्रा लण्डनको प्रतिष्ठित ट्रफालगर स्क्वायरबाट प्रारम्भ भएको छ।

तत्काल माटोको विनाश रोक्ने र अहिलेको स्थितिलाई उल्टाउने उद्देश्यसहित सद्गुरुले माटो जोगाउनको लागि जागरूक धरती अभियान आरम्भ गर्नुभएको छ। ३०,००० किलोमिटरको एकल मोटरसाइकल यात्रा गर्ने क्रममा, सद्गुरुले अर्को केही महिनामा युके, युरोप, मध्य-पूर्वका राष्ट्रहरू र भारत गरी २७ राष्ट्रहरू भ्रमण गर्नुहुने छ। यस अवधिमा उहाँले विश्वका नेताहरू, नेतृत्वकर्ताहरू, मिडिया साथै विश्वभरिका प्रमुख विज्ञहरूसँग अन्तर्क्रिया गरी माटो जोगाउनको लागि तत्काल ठोस कार्य गर्नुपर्ने आवश्यकतामा जोड दिनुहुने छ।

यूएनसिसिडी अर्थात् मरुभूमिकरण सामना गर्न गठित संयुक्त राष्ट्रसंघको सम्मलेनका अनुसार सन् २०५० सम्म पृथ्वीको ९०% माटो गुणस्तरहीन भई विश्वभरि खाद्य संकट, पानीको अभाव, खडेरी र भोकमरी, विषम जलवायु परिवर्तन, विशाल स्तरमा स्थानान्तरण र अकल्पनीय दरमा प्रजातिहरू सखाप हुने जस्ता विपत्तिहरू निम्तिने छन्। यतिखेर मानवजातिको लागि 'माटोको विनाश' सबैभन्दा गम्भीर खतरा हो, किनकि द्रुत गतिमा माटोको गुणस्तर घट्दै गएकोले धरतीले अन्न उब्जाउने क्षमता निकै खस्किएको छ।



'माटो जोगाऔँ' अभियानले विभिन्न राष्ट्रहरूबाट नागरिक समर्थन जुटाउन र त्यसलाई प्रस्तुत गर्न खोजेको छ। साथै, यो अभियानले माटोलाई पुनः जीवन्त पार्न र माटोको विनाश रोक्नको लागि नीतिगत कार्यहरू शुरु गर्न विश्वभरिका सरकारहरूलाई सघाउने छ। यसको लागि, उक्त अभियानले ३.५ अर्ब मानिसहरूसम्म पुग्ने उद्देश्य लिएको छ।

यो विश्वभरिका ६०% मतदाताहरूको संख्या हो। गत हप्ता, ६ वटा क्यारिबियन राष्ट्रहरूले माटो जोगाऔँ अभियानको लागि प्रतिबद्धता जनाउँदै, जागरूक धरतीसँग सम्झौता ज्ञापन पत्रमा हस्ताक्षर गरी ऐतिहासिक पाइला चालेका थिए। यस अभियानलाई विश्वभरिका प्रतिष्ठित व्यक्तिहरूद्वारा समर्थन गरिएको छ, जस्तै कि चर्चित पर्यावरण संरक्षण विद् डा. जेन गुडल, श्रद्धेय दलाई लामा अनि विश्व आर्थिक मञ्चका कार्यकारी अध्यक्ष क्लाउस श्वाब रहेका छन्। त्यसैगरी, मार्क बेनिअफ, दिपक चोपरा, टोनी रबिन्स, म्याठी हेडन, क्रिस गेयल, जुही चावला र सञ्जिव सन्याल लगायत थुप्रै ख्याति प्राप्त सेलिब्रिटी, कलाकार, खेलकुदकर्मी, प्रमुख व्यवसायी एवम् विविध क्षेत्रका विज्ञहरूले समेत यस अभियानलाई समर्थन गरेका छन्।

माटो जोगाऔँ विश्वव्यापी अभियान हो, जसले हाम्रो माटो र धरती जोगाउनको लागि जागरूक दृष्टिकोणसहित काम गर्न प्रोत्साहन गर्दछ। सर्वप्रथम, यो हरेक नागरिकको अभियान हो। यस अभियानले विश्वभरिबाट ३.५ अर्ब मानिसहरू (विश्वभरिका ६० % मतदाताहरू) को समर्थन जुटाउने अनि माटोलाई पुनः जीवन्त पार्न र माटोको विनाश रोक्नको लागि नीतिगत कार्यहरू शुरु गर्न विश्वभरिका सरकारहरूलाई सघाउने उद्देश्य लिएको छ। विश्वका नेतृत्वकर्ताहरू, प्रभावशाली व्यक्तिहरू, कलाकारहरू, विज्ञहरू, किसानहरू, आध्यात्मिक गुरुहरू, गैर सरकारी संस्थाहरू अनि नागरिकहरूले अभियानको समर्थनमा आवाज उठाइरहेका छन्, ताकि मानवजाति र माटोबिच रहेको सम्बन्धलाई पुनः स्थापित गर्न सकियोस्।

# काहुँखोला भाट समाजको पाँचौं अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा ८ चैत**

काहुँखोला भाट समाज पोखरा १३ कास्कीको ११ औं साधारण सभा तथा ५ औं अधिबेशन सोमबार सु. भिम बहादुर रानाभाटको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरि सम्पन्न भएको छ।



समाजको उपाध्यक्षमा बसन्त रानाभाट, सचिवमा सुर्य बहादुर (सुजु) रानाभाट, सहसचिवमा हरिप्रसाद रानाभाट, कोषाध्यक्षमा प्रविना रानाभाट, सहकोषाध्यक्षमा रीता रानाभाट र सदस्यहरुमा शारदा रानाभाट, तेजबहादुर रानाभाट, कुमारी रानाभाट, सुर्यबहादुर अधिकारीभाट, इन्द्रबहादुर रानाभाट, तर्कबहादुर रानाभाट, पार्वती रानाभाट, लक्ष्मी सापकोटाभाट र वस्यानी रानाभाट चयन भएका छन्। त्यसैगरी सल्लाहकारमा संस्थापक अध्यक्ष शान्ति रानाभाट, चन्द्रबहादुर रानाभाट, पितृ प्रसाद रानाभाट, ज्यो. रुद्रबहादुर रानाभाट, लेखनाथ रानाभाट, एकदेब रानाभाट र डिल्लीराम रानाभाटलाई चयन गरिएको छ। प्रमुख अतिथि फिष्टेल एकेडेमीका संस्थापक प्राचार्य एवं रानाभाट भाट समाजका केन्द्रिय सल्लाहकार चिनु रानाभाटले अधिबेशनको उद्घाटन गर्दै भाट तथा रानाभाट सबै भाई बन्धु एक हुनु पर्ने वताउँदै आपसी भाइचारा र सहयोग आदनप्रदानले सबै बन्धुलाई फाइदा हुने वताए।

सोही कार्यक्रममा समाजका अग्रज व्यक्तित्वहरु जय कृष्ण रानाभाट, विद्याधर रानाभाट, विष्णुमाया रानाभाट र तिलकुमारी रानाभाट, शिक्षा क्षेत्रबाट फिस्टेल एकेडेमी संस्थापक प्राचार्य चिनु रानाभाट, एमबिबिएस डा. एरिका रानाभाट र डा. अप्सरा रानाभाट, इन्जिनियरहरु राजन वज्जराभाट, राजेश वज्जराभाट, राजेन्द्र रानाभाट र फार्मेसिष्ट नमुना रानाभाट तथा सुरक्षा निकायबाट प्रनानी हिरा बहादुर रानाभाटलाई दोसल्ला, अविर, सम्मानपत्रद्धारा सम्मान गरिएको थियो। समाजका पुर्व केन्द्रिय सदस्य एवं समाजद्वारा संचालित पबित्र बचत तथा ऋण सहकारीका अध्यक्ष बुद्धिबहादुर रानाभाट, क्षेत्रीय सदस्य ज्योतिष रुद्रबहादुर रानाभाट, कास्की जिल्ला वरिष्ठ उपाध्यक्ष श्रीधर रानाभाट, कंदनीडाँडा भाट समाज पोखरा २६ का अध्यक्ष तिर्थ राजभाट, पत्रकार कृष्ण रानाभाट लगाएतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

भाट समाज कास्की जिल्लाका वरिष्ठ उपाध्यक्ष श्रीधर रानाभाटले भवन निर्माणको लागि २५ हजार पाँच सय ५५ रुपैया सहयोग हस्तान्तरण गरेका थिए।

काहुँखोला भाट समाजका अध्यक्ष एकदेव रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा भवन निर्माण समिति संयोजक एवं संस्थापक अध्यक्ष पितृ प्रसाद रानाभाटले स्वागत र संचालन सचिव भिमबहादुर रानाभाटले गरेका थिए।

# नास्टको विज्ञान मेला सुरु

**पोखरापत्र संवाददाता**
**बागलुङ ८ चैत**

बागलुङमा विज्ञान मेला सुरु भएको छ। वैज्ञानिक संस्कारको महत्व बुझाउनका लागि बागलुङमा विज्ञान मेला आयोजना गरिको हो।

नेपाली समाजमा लुकेर रहेका वैज्ञानिकसम्बन्धी कला बाहिर ल्याउन तथा वैज्ञानिक चेतना अभिवृद्धि गर्नका लागि प्रवर्द्धनात्मक कार्यक्रम गर्दै आएको नेपाल विज्ञान तथा प्रविधि, प्रज्ञा-प्रतिष्ठान (नास्ट)ले यस वर्षको विज्ञान मेला बागलुङमा सोमबारदेखि सुरु भएको छ।

बागलुङकै जेठो विद्यालय विद्यामन्दिर माध्यामिक विद्यालयमा आयोजित विज्ञान मेलाको उद्घाटन गर्दै बागलुङ नगरपालिकाका नगरप्रमुख जनकराज पौडेलले नास्टले यस वर्ष विज्ञान मेलाका लागि बागलुङलाई छनोट गरेकोमा धन्वयाद दिँदै विज्ञान मेलाको यहाँका विद्यार्थीले भरपूर फाइदा उठाउने बताउनुभयो। वैज्ञानिक संस्कारको विकास गर्दै खोज तथा अनुसन्धानमा लागेका विद्यार्थीलाई प्रोत्साहन गर्नका लागि प्रत्येक वर्ष विभिन्न स्थानमा विज्ञान मेला आयोजना गर्दै आएको नास्टले यस वर्ष विद्यालयस्तरीय प्रतियोगितात्मक विज्ञान मेला बागलुङमा आयोजना गरेको नेपाल विज्ञान तथा प्रविधि, प्रज्ञा-प्रतिष्ठान (नास्ट)का प्रवर्द्धन तथा प्रचार महाशाखा प्रमुख लुना बज्राचार्यले जानकारी दिनुभयो। बागलुङ, पर्वत र म्याग्दीका १० सामुदायिक विद्यालयका ७० विद्यार्थीको वैज्ञानिक आविष्कार तथा क्षमता प्रदर्शन गर्ने, विज्ञानसम्बन्धी हाजिरी जवाफ प्रतियोगिता र समाजका लागि विज्ञान विषयमा कविता वाचन गर्ने गरी विज्ञान मेला आयोजना गरिएको हो। विज्ञान मेलामा १० विद्यालयले धुवाँरहितको समार्ट सिटी, पानी तान्ने पम्प, रोबर्टलगायतका वस्तु बनाएर प्रदर्शनीमा रखोका छन्।

# एगाको टोलीद्वारा पूर्वी नेपालमा पर्यटन प्रवर्द्धन एवम् उद्योग अवलोकन

**पोखरापत्र संवाददाता**
**पोखरा ८ चैत**

पर्यटकका लागि उपहारका रुपमा प्रयोग गरिने सामाग्रीको विक्री वितरण गर्दै आएको संस्था इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसिएसन(एगा) पोखराको टोलीले पूर्वी नेपालमा पोखराको पर्यटन प्रवर्द्धनसँगै विभिन्न उद्योगहरूको अवलोकन गरेको छ।

नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा एगा पोखराद्वारा आयोजित पर्यटन प्रवर्द्धन एवम् क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत व्यवसायीलाई विराटनर स्थित अन्नपूर्ण निटिङ इन्डस्ट्रिज प्रा.लि. र प्रगति टेक्सटायल प्रा.लि.को अवलोकनसँगै इलामको कन्याम चियावारी, कोशी व्यारेज लगायतका स्थानहरू अवलोकन गराइएको कार्यक्रम संयोजक एवम् संस्थाका उपाध्यक्ष गोकर्ण लम्सालले जानकारी दिनुभयो। अवलोकन पश्चात आयोजित कार्यक्रममा अन्नपूर्ण निटिङ इन्डस्ट्रिज प्रा.लि.का प्रबन्ध निर्देशक नन्द किशोर राठीले व्यवसायिक सफलताको शुभकामना दिदै व्यवसायी र उद्योगबीचको सहकार्य आगामी दिनमा अझै प्रभावकारी बन्ने विश्वास व्यक्त गर्नुभयो। संस्थाका पूर्व अध्यक्ष एवम् पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष चिरञ्जीवि पोखरेलले आँफूले विक्री वितरण गरिरहेका सामाग्रीको उत्पादन प्रक्रिया, त्यसको गुणस्तरीयता लगायतका विषयमा अवलोकन भ्रमण उपयोगी बनेको धारणा राख्नुभयो। आगामी दिनमा पोखरामा आउने पर्यटकले लैजाने अन्य कस्तो किसिमको उपहार तयार गर्न सकिन्छ भन्नुपनि यस कार्यक्रमको उद्देश्य रहेको उहाँले बताउनुभयो। एगा पोखराका अध्यक्ष विश्वराज पोखरलेलले पोखरामा एगा सम्बद्ध व्यवसायीले स्वदेशी एवम् विदेशी पर्यटकको रोजाइ अनुसारका सामाग्री तयार गरी विक्री वितरण गर्दै आएको बताउँदै उद्योग अवलोकनले धैरै विषयमा जानकारी प्राप्त भएको बताउनुभयो।

कार्यक्रममा कार्यक्रम संयोजक एवम् संस्थाका उपाध्यक्ष गोकर्ण लम्साल, सचिव गीता ढकाल( पौडेल), संस्थापक अध्यक्ष वेदप्रसाद पाण्डे, पूर्व अध्यक्ष कृष्णकुमार श्रेष्ठ, रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल लगायतले भ्रमणले व्यवसायिक क्षमता अभिबृद्धिमा महत्वपूर्ण सहयोग गरेको बताउनुभयो।


## त्रिभुवन विश्वविद्यालय
## वन विज्ञान अध्ययन संस्थान
### पोखरा क्याम्पस, पोखरा

## सेवा करारमा जनशक्ति पदपूर्ति सम्बन्धी दरभाउपत्र आव्हानको सूचना ।

**यस क्याम्पसका लागि सुरक्षा गार्ड ६ (छ जना) तथा कार्यालय सहयोगी पियन / बगैचे/ झाँडीफडानी / महिला छात्रावास सरसफाई आदि स्थानहरुको कामकाज गर्ने एक जना महिला सहित तीन जना छ महिनाका लागि (पछि म्याद थप गर्न सहिने) नौ जना श्रेणी विहिन जनशक्ति सेवा करारमा लिनुपर्ने भएको हुँदा कालो सूचिमा नपरेका, रष्ट्रिय रुपमा गुणस्तरीय सेवा उपलब्ध गराउदै आएका अनुभवी ईच्छुक आधिकारिक ईजाजत प्राप्त फर्म, कम्पनी वा संस्थाहरुबाट मिति २०७८/१२/२१ गतेभित्र रीतपूर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।**

**विस्तृत जनकारीका लागि यस क्याम्पसमा सम्पर्क राख्नुहोला ।**

**क्याम्पस प्रमुख**



## Government of Nepal
## Ministry of Agriculture and Livestock Development
## Department of Livestock Services
## National Livestock Breeding Office
### Lamapatan, Pokhara, Kaski

## Section I. Invitation for Sealed Quotation

**IFB No. NLBO/2078-79/10**
**Date of publication: 23 March 2022**

1. The National Livestock Breeding Office (NLBO) Pokhara invites bids from eligible bidders for the procurement, Supply and Delivery of FRID Ear Tag and Chip Reader Gun at time and quantity as specified by NLBO under National Competitive Bidding procedures. The name and identification of the contract are as follows:

| Contract ID No. | Name of Procurement | Estimated Cost NRs. Without VAT | Bid Security NRs | Document Fee NRs |
|---|---|---|---|---|
| NLBO/SQ/G/2078-79/17 | Supply, Delivery and Installation of RFID Ear Tag and Chip Reader Gun Setcompatible with existing SMILE Software using in Laboratory | 15,60,000.00 | 45,000.00 | 1000.00 |

2. Eligible bidders may obtain further information at the office of NLBO, Pokhara,Tel 061-505389, Fax: 061-505389 and email nlbc.pokhara@gmail.com of this office.
3. Bidding Documents may be purchased upon payment of a non-refundable fee on or before 6 April 2022 and submit their bid.
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank — Account No. 1000100200010000
   Office Code no.: 312023902 — Revenue Code No.: 14229
5. Bids must be submitted on or before 12:00 Noon on 7 April 2022. Documents received after this deadline shall not be accepted.
6. Bids shall be opened in the presence of bidder's representatives who choose to attend 2:00 PM on 7 April 2022 at the office of NLBO, Pokhara. Bids must be valid for a period of 45 days counting from the day of bid opening and must be accompanied by bid security as mentioned above which shall be valid for minimum 30 days beyond the bid validity period i.e., total of 75 days from the day of bid opening.
7. If the Bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Account No.: 3020100102030000 of Treasury and Account Controller office, Kaski (Ko. Le. Ni. Ka. Kaski) at Rastriya Banijya Bank, Pokhara and submit the receipt of the deposited amount of cash along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid security validity shall be recognized with effect from the original bid submission deadline.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063, Public Procurement Regulations-2064 and their amendments.
10. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.